बैठक नं ५९

आज मिति २०७६ साउन ३१ गते सुन्दरबजार नगरपालिका ~~को~~ नगर कार्यपालिकाको ५९ औं बैठक नगर प्रमुख श्री जनकराज मिश्र ज्यूको अध्यक्षतामा बस्यो उक्त बैठकको उपस्थीति तपशिल बमोजिम रह्यो।

तपशिल

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री जनकराज मिश्र | नगर प्रमुख | |
| २. | श्री सानु शाह | नगर उप प्रमुख | |
| ३. | श्री सुर्य बहादुर दुरा | वडा अध्यक्ष - १ | |
| ४. | श्री भगत बहादुर खड्का | का.वा. वडा अध्यक्ष -२ | |
| ५. | श्री अमृत तेडपाने | वडा अध्यक्ष - ३ | |
| ६. | श्री कृष्ण राज खनियाँ | वडा अध्यक्ष - ४ | |
| ७. | श्री ललित गुरुङ | वडा अध्यक्ष -५ | |
| ८. | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष - ६ | |
| ९. | श्री जयराम रेग्मी | वडा अध्यक्ष - ७ | |
| १०. | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष - ८ | |
| ११. | श्री प्रीति प्रसाद गुरुङ | वडा अध्यक्ष - ९ | |
| १२. | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष -१० | |
| १३. | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष - ११ | |
| १४. | श्री भवानी के.सी. | ~~वडा~~ नगर का. सदस्य | |
| १५. | श्री लक्ष्मी पोखरेल | " " " | |
| १६. | श्री चन्द्रमा घिमिरे | " " " | |
| १७. | श्री पुष्प कुमारी सुवर्णकार | " " " | |
| १८. | श्री शान्ता भुजेल | " " " | |
| १९. | श्री सुरेश कुमार दुरा | " " " | |
| २०. | श्री धर्मेन्द्र दर्जी | " " " | |
| २१. | श्री नारायण पाण्डेय | सचिव | |

## नगर कार्यपालिकाको मिति २०७६।०४।३१ गतेको ५९ औ बैठकको निर्णयहरू

**निर्णय नं. १**

सुन्दरबजार नगरपालिका, सुन्दरबजार नगरकार्यपालिका समेतलाई विपक्षी बनाई मिति २०७६।०४।०५ गते उत्प्रेषण परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरि पाउँ भनि निवेदक सुरेन्द्रलाल श्रेष्ठ समेतले सम्मानित सर्वोच्च अदालत मा ०७६-W0-००१४ को रिट निवेदन दर्ता गरी आएको र उक्त मुद्दाको म्याद नगरपालिका/नगर कार्यपालिकाले विधिवत रूपमा बुझि सकेको र सो म्याद बुझे पश्चात ऐन को म्याद भित्रमा सम्मानित सर्वोच्च अदालतमा नगरपालिका र नगर कार्यपालिकाको तर्फबाट लिखित जवाफ लगाउन बहस पैरवी गर्न, तारिखमा बस्नका लागि यस नगरकार्यपालिका सदस्य सुरेश कुमार दुरा लाई अख्तियारी दिई पठाउने र नगरपालिकाको तर्फबाट उक्त मुद्दामा बहस पैरवी गर्नका लागी कानून व्यवसायी अधिवक्ता ज्योति वानिया र हरिश्चन्द्र तिमिल्सिनालाई राख्नुका साथै आवश्यकता अनुसार नगर प्रमुख जनकराज मिश्र सर्वोच्च अदालतमा स्वयं उपस्थित हुने र नगरपालीकाको तर्फबाट अन्य कानूनी व्यवसायी समेत राख्ने निर्णय गरियो।

**निर्णय नं. २**

यस नगरपालिका कार्यालय तथा अन्तर्गत सेवा करारमा रहेका कार्यरत कर्मचारीहरूको करार अवधि साविककै सेवा सुविधाअनुसार हुने गरि मिति २०७६ भाद्र १ गतेदेखी लागू हुने गरी ३ महिना सम्मकोलागि थप गर्ने।

**निर्णय नं. ३**

गत आ.व. ०७५।०७६ मा शिर्षकमा भएको रकम अपुग भएका कारण भुक्तानी दिन नसकिएको फुस्रेखोला खेल मैदान सु.न.पा.८, नगर बस खरिद, सुन्दरबजार अस्पताल भवन निर्माण, खानेपानी आयोजना लाई मिल्दोजूल्दो शीर्षकबाट भुक्तानि दिने।

**निर्णय नं. ४**

गत आ.व. ०७५।०७६ मा भएका विविध खर्च अन्तर्गतका राजश्व, संघीय सरकार, प्रदेश सरकार तथा अन्य निकायहरूबाट प्राप्त भएको शसर्त अनुदान, नियमानुसार तिर्न बाँकी रहेका अन्य भुक्तानिहरू तथा धरौटी कट्टा गरी राखिएका रकमहरू एक खाताबाट अर्को खातामा ट्रान्सफर गर्ने/ भुक्तानि दिने/ फिर्ता गर्ने।

**निर्णय नं. ५**

गत आ.व. ०७५।०७६ मा संचालनमा रहेका वडा नं. २ मा निर्माणाधीन तिलक स्मृति गेट र गण्डकी प्रदेश सरकार र नगरपालिकाको साझेदारीमा वडा नं. ५ ल्याण्डफिल्ड साईटको निर्माण कार्यलाई प्रदेश सरकारबाट प्राप्त पत्रानुसार यस आ.व. ०७६।०७७ मा निरन्तरता दिनुका साथै रनिङ विल बमोजिमको रकम भुक्तानि दिने।

**निर्णय नं. ६**

यस नगरपालिका स्थापनाकालदेखी प्राविधिक शाखा प्रमुखको जिम्मेवारीमा रहनुभएका ई. जीवन थापाले सेवा अलग हुनुभएको हुदाँ कार्यरत रहदा नगरपालिकामा पुर्याउनुभएको योगदानको उच्च मुल्याङ्कन गर्दै उहाँको उज्जवल भविश्यको कामना गर्ने। साथै उहाँको रिक्त स्थानको जिम्मेवारी यसै नगरपालिकामा सेवा करारमा रहनुभएका ई. सन्दिप के.सी. लाई दिने।

निर्णय नं. ७

यस नगरपालिका कार्यालयको सावरी साधन मर्मत बापतको सवारी चालक निर्मल न्यौपानेले पेश गर्नुभएको रू ४६८७८।०५ (अक्षेरूपी छैयालीस हजार आठ सय अठहत्तर रूपैया पाँच पैसा ) रकम भुक्तानी दिने।

२०६६/०४/२९ २०६६/४/२९ २०६६/०४/३० २०६६/०४/२९ २०६६/०४/३० २०६६/४/२९ २०६६/४/२९ २०६६/४/२९ २०६६/४/२९ २०६६/०४/२९

नोट अफ डिसेन्ट :

उपरोक्त बैठकमा भएको छलफलबाट निर्णय नं १ मा लिखित भएको निर्णय प्रति असहमति जनाउँदै हाम्रो तपशीलका एवं यसै गोरखा बायाँ किनाराका व्यक्तिहरु यस सुनवलजा नगर कार्यपालिकाका सदस्य, पदाधिकारी, वडाध्यक्षहरुले मिति २०६६।४।२६ गते सम्मानित सर्वोच्च अदालतबाट तोकिएको म्याद बुझ्न जाँदा सो मितिबाट मिति २०६६।०५।०१ गते म्याद पेशी खर्च गएकोले नगर प्रमुख ज्यूको मौखिक सहमतिबाट कानून व्यवसायी अधिवक्ता तथा यसै सुनवलजा न० पा० वडा नं ३ स्थायी निवासी श्री राजेश्वर अधिकारी लाई व्यक्तिगत, नगर कार्यपालिका र नगरपालिकाको समेत प्रतिनिधित्व हुने गरी वारिसनामा दिएको हुँदा आजको बैठकको निर्णय नं १ मा निज कानून व्यवसायी राजेश्वर अधिकारीलाई समेत समावेश गर्न अनुरोध गर्दा जबर्जस्ती निर्णय भएकोले निर्णय नं १ मा कोही अनुसारको निःसोधार लागेको जोड्दा माग गर्दै यस बैठकको निर्णय नं १ प्रति असहमति जनाउँदछ

नोट अफ डिसेन्ट

हुँदा नं १ को निर्णय प्रति असहमती जाहेर गर्दछु/छु

[illegible] वडा अध्यक्ष - [illegible]